☎ ०७७-४२०२०५
arghakhanchidcourt@gmail.com
info.dcaghakhanchi@supremecourt.gov.np

# अर्घाखाँची जिल्ला अदालत

सन्धिखर्क, अर्घाखाँची

(प्रशासन शाखा)

पत्र संख्याः- ०७७/०७८

चलानी नम्बरः-

मितिः- २०७८।०२।११

## सुचना

यस जिल्लामा प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८।१।२१ देखि निषेधाज्ञा जारी गरिएकोमा मिति २०७८।२।१० गते राति १२:०० बजे देखि ऐ. २० गते राति १२:०० वजे सम्म पुन: निषेधाज्ञा जारि गर्ने भनि जिल्ला प्रशासन कार्यालय, अर्घाखाँचीवाट प्रकाशित सूचना बमोजिम आज संवत् २०७८ साल जेष्ठ ११ गते यस अदालतका माननिय जिल्ला न्यायाधीशज्यूको अध्यक्षतामा भएको वैठकबाट देहाय बमोजिमका कामकारवाही मात्र सम्पादन हुने र अन्य सेवाहरु स्थगन गरिने हुंदा सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१। मिति २०७८।२।१० गतेदेखि २०७८।२।२० सम्मको अवधिलाई सुन्य समय मानी सो अवधिको हदम्याद, म्याद, तारिख नगुज्रिने ।

२। यो निषेधाज्ञा जारी भएको समयमा देहायका सेवाहरु मात्र उपलब्ध गराउनेः-

क. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ बमोजिमका निवेदनहरु दर्ता र सुनुवाई,

ख. सरकारवादी फौजदारी मुद्दाहरुमा जरुरी पक्राउ पूर्जीको अनुमति, समर्थन, म्याद थप, अभियोगपत्र दर्ता, बयान र थुनछेक सम्बन्धी कार्य, कल डिटेलको अनुमति,

ग. वन्दीप्रत्यक्षीकरणका निवेदनहरुको दर्ता र सुनुवाई,

घ. मुद्दाको मिलापत्र, फिर्ता, तारेख गुज्रेको मुद्दाको डिसमिस, खारेजी सम्बन्धी,

ङ. अर्धन्यायिक निकायले गरेका आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम परेका निवेदनको दर्ता र सुनुवाई,

च. घरेलु हिंसा र यौन दुर्व्यवहार सम्वन्धी मुद्दा दर्ता र सुनुवाई

छ. अधिकृत वारेसनामा प्रमाणीकरण,

ज. प्रतिवादी नरहेको वा म्यादमा उपस्थित नभएको वादी नेपाल सरकारको तर्फवाट परेको पुनरावेदनको दर्ता र सुनुवाई,

झ. प्रहरीद्वारा पक्राउ परी आएका फरार प्रतिवादीको वयान तथा थुनछेक सम्बन्धी कार्य ।

श्रेस्तेदार
(उप सचिव)